मा. कल्याणी खड्का
मन्त्री
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश सरकार

वीरेन्द्रनगर सुर्खेत, नेपाल
फोन नं ०८३-५२२५१४
इमेल: moitfe@karnali.gov.np
वेबसाइट: moitfe.karnali.gov.np

पत्र-संख्याः-
चलानी नम्बरः-

# विश्व पर्यटन दिवसको शुभकामना

२७ सेप्टेम्बर सन् १९८० का दिन संयुक्त राष्ट्रसंघीय विश्व पर्यटन संङ्गठन (UN Tourism) को आव्हानमा शुरु भई यो वर्ष (सन् २०२६) **"पर्यटनलाई नयाँ रूप दिन डिजिटल एजेन्डा र कृत्रिम बुद्धिमत्ता (Digital Agenda and Artificial Intelligence to Redesign Tourism)"** भन्ने नाराका साथ मनाईंदै गरेको ४७ औं विश्व पर्यटन दिवसको पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइ, पर्यटन व्यवसायी, पथप्रदर्शक (Guides), नेपाल भ्रमणमा रहनुभएका विदेशी पर्यटक महानुभावहरू, यस क्षेत्रमा आवद्ध सम्पूर्ण राष्ट्रसेवक तथा सरोकारवालाहरुमा **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको** तर्फबाट हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

अन्तर्राष्ट्रिय समुदायमा सामाजिक, सास्कृतिक, राजनीतिक र आर्थिक मूल्यमान्यतामा पर्यटन क्षेत्रको योगदान एंव महत्वबारे चेतना जगाउँन र स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा पर्यटनको भूमिका स्पष्ट पार्दै आतिथ्यता र सांस्कृतिक आदानप्रदानलाई बढावा दिन यो दिवस महत्वपूर्ण रहेको छ । पर्यटनले विभिन्न संस्कृति, सभ्यता र नागरिकहरुलाई एकापसमा जोड्ने काम गर्दछ ।अतिथि देवो भवः को हाम्रो गौरवलाई कायम राख्दै नवीन प्रविधिको सही उपयोग मार्फत दिगो पर्यटनको विकास गर्नु आजको आवश्यकता हो ।

संसारकै सर्वोच्च शिखर सगरमाथा, शान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थल लुम्बिनी, अद्वितीय प्राकृतिक सम्पदा र समृद्ध सांस्कृतिक विविधता बोकेको हाम्रो देश नेपाल विश्वकै एक उत्कृष्ट पर्यटकीय गन्तव्य हो। जसको एक अभिन्न अंगका रुपमा रहेको कर्णाली प्रदेश प्राचीन सभ्यता, अद्वितीय संस्कृति र संसारकै उत्कृष्ट प्राकृतिक सौन्दर्यको सङ्गम स्थल हो । स्वर्गकी अप्सरा मानिने मुगुको **रारा ताल,** गाढा नीलो र कञ्चन पानीले संसारकै पर्यटकलाई मन्त्रमुग्ध पार्ने डोल्पाको **शे-फोक्सुण्डो ताल**, डोल्पाको **शे गुम्बा** र माथिल्लो डोल्पाको भोट सस्कृति कर्णालीको विशिष्ट पहिचान बोकेका छन् । नेपाली खस भाषा र सभ्यताको उद्गम थलो जुम्ला जिल्लाको **सिंजा** उपत्यका र चन्दननाथ मन्दिर, कैलाश मानसरोवरको प्रवेशद्वार र तिब्बती संस्कृतिको जीवित रूप हुम्लाको **हिल्सा र लिमी उपत्यका,** नेपालकै सबैभन्दा अग्लो झरना मध्येको एक **कालीकोटको पचालझरना** र कोटदरबारहरु, अखण्ड रूपमा बलिरहेको पेट्रोलियम ग्यासको ज्वाला (शिरस्थान, नाभीस्थान) लगायत **दैलेखको पञ्चकोशी क्षेत्र,** ऐतिहासिक **कोतगढी** र भुतीका देवलहरू, नेपालको दोस्रो लुम्बिनी मानिने पुरातात्त्विक क्षेत्र सुर्खेतको **काँक्रिविहार,** प्रख्यात बुलबुले ताल जस्ता रमणीय क्षेत्रहरू, सल्यानको कुपिन्ड ताल र खैराबाङ **मन्दिर,** ऐतिहासिक तथा पुरातात्त्विक संरचना जाजरकोटको **जाजरकोट दरबार** र नलगाड क्षेत्रको **प्राकृतिक**

मा. कल्याणी खड्का
मन्त्री
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश सरकार

वीरेन्द्रनगर सुर्खेत, नेपाल
फोन नं ०८३-५२२५१४
इमेल: moitfe@karnali.gov.np
वेवसाइट: moitfe.karnali.gov.np

सौन्दर्य, रुकुम पश्चिमको मनोरम स्यार्पू ताल र डिग्रे शाईकुमारी मन्दिर कर्णाली प्रदेशका ऐतिहासिक र अलौकिक पर्यटकीय सम्पदाहरु हुन।

हामी पर्यटन क्षेत्रको समग्र विकास र विविधिकरण मार्फत अर्थतन्त्रमा टेवा पुर्याउँन कर्णालीको स्वादिष्ट मार्सी चामल, सिमी, कोदो, फापर, स्याउ र जडीबुटी जस्ता रैथाने उत्पादनलाई ग्रामीण **होमस्टे (Homestay)** मार्फत पर्यटकको स्वादसँग जोड्ने, साहसिक पर्यटनका लागि न्याफ्टिङ, ट्रेकिङ (Great Himalaya Trail) र माउन्टेनियरिङको अपार सम्भावनाको सदुपयोग गर्दै, विकट भूगोल र कमजोर पूर्वाधारका चुनौतीहरूलाई चिर्दै सडक र हवाई कनेक्टिभिटी सुधार गर्न केन्द्र सरकारसँग सहकार्य गरिरहेका छौं। प्रदेश सरकारले घोषणा गरेको **'कर्णाली पर्यटन दशक' (Karnali Tourism Decade)** अन्तर्गत हामी यस्ता सबै ओझेलमा परेका गन्तव्यहरूको एकीकृत विकास र प्रवर्द्धन गर्न डिजिटल प्रणाली र प्रविधिको उच्चतम प्रयोग गर्न प्रतिबद्ध छौं।

अन्तमा, पर्यटन क्षेत्रको दिगो विकासका लागि सरकार, निजी क्षेत्र, र स्थानीय समुदायको त्रिकोणात्मक सहकार्य अपरिहार्य छ। यस दिवसले सुस्ताएको आर्थिक गतिविधिलाई पर्यटनका माध्यमबाट चलायमान बनाउन र नेपाली पर्यटनलाई विश्वसामु अझ उचाइमा पुऱ्याउन हामी सबैलाई थप ऊर्जा र प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

आउनुहोस्, **'यसपालि घुमौं कर्णाली'** विश्वभरका पर्यटकहरुलाई स्वागत गरौं।

पुनः ४७ औं विश्व पर्यटन दिवसका अवसरमा सम्पूर्णमा हार्दिक शुभकामना ।

असोज ११, २०८३ (सेप्टेम्बर २७, २०२६)

कल्याणी खड्का

मन्त्री

मा. मन्त्री